## पन्ध्रौ बैठक, मिति २०७४।११।२५

आज मिति २०७४।११।२५ गतेका दिन दिउँसो १ बजे नेपालको संविधानको भाग १७, धारा २१६ अनुसार गठित इलाम नगरपालिकाको नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत |
| सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| सदस्य श्री सीता रिजाल | दस्तखत |
| सदस्य श्री सानु दास | दस्तखत |
| सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| सदस्य श्री सावित्री राई | दस्तखत |
| सदस्य श्री पृथसिं सुनुवार | दस्तखत |
| सदस्य श्री श्यामकमल मुखिया | दस्तखत |
| सदस्य श्री गीताराम विश्वकर्मा | दस्तखत |
| प्र.प्र.अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |

अन्य उपस्थिति:

| | |
|---|---|
| प्र.अ. श्री रामकुमार शाह | दस्तखत |
| ले.अ. श्री रामकुमार श्रेष्ठ | दस्तखत |
| इन्जिनियर श्री दिपकप्रसाद गुरागाई | दस्तखत |

**निर्णय नं.१**

मिति २०७४।११।२३ गते सुनसरी जिल्लाको इटहरीमा सम्पन्न नेपाल नगरपालिका संघको प्रदेशस्तरीय भेलाबाट इलाम नगरपालिकाका प्रमुख श्री महेश बस्नेतज्यू संघको १ नं. प्रदेशको संयोजक पदमा सर्वसम्मतिबाट निर्वाचित हुनु भएकोमा श्रीमान् प्रमुखज्यूप्रति हार्दिक बधाइ ज्ञापन गर्दै वहाँको सफल कार्यकालको लागि शुभकामना तथा सबैबाट व्यक्तिगत तथा संस्थागत सहयोगको प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

इलाम नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ र इलाम नगरपालिका, न्यायिक समिति (कार्यविधिसम्बन्धी) ऐन, २०७४ को मस्यौदामा छलफल हुँदा सो मस्यौदालाई विधेयकको रुपमा आगामी नगर सभाबाट पारित गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

**निर्णय नं.३,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) अनुसार इलाम नगरपालिकाअन्तर्गत इलाम नगरपालिका, मेलमिलाप कार्यविधि, २०७४, इलाम नगरपालिका, युवा परिषद सञ्चालन कार्यविधि, २०७४, इलाम नगरपालिका, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४ र इलाम नगरपालिका, पर्यटन प्रवर्द्धन समिति निर्देशिका, २०७४ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) अनुसार इलाम नगरपालिका अन्तर्गत खानेपानी तथा सरसफाइ ऐन, विपद् व्यवस्थापन ऐन, नगर प्रहरी तथा दमकल व्यवस्थापन ऐन र स्वास्थ्य सेवा सञ्चालन तथा अनुगमन ऐनको मस्यौदा तयार गरी नगर सभामा प्रस्ताव गर्न सैद्धान्तिक सहमति गरियो ।

**निर्णय नं. ५,**

इलाम नगरपालिकाको वातावरण तथा सरसफाइ क्षेत्रको प्रभावकारिता अभिबृद्धिका लागि वडा वडा बिचमा प्रतिस्पर्धा गराउन तोकिएका मूल्यांकन सूचकको आधारमा प्रत्येक वर्ष १ वडालाई रु १ लाख राशीको पुरस्कार प्रदान गर्ने र सो पुरस्कारको निर्णय गर्नका लागि इलाम नगरपालिकाका प्रमुखज्यूको संयोजकत्वमा उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहनु भएको समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६,**

इलाम सदरमुकाम स्थापनाको २०० औं वर्षको अवसरमा मिति २०७५साल बैशाख १, २, र ३ गते इलाम सदरमुकाममा विशेष उत्सव/कार्यक्रम आयोजना हुने भएकोले सो विशेष कार्यक्रममा प्रमुख अतिथिको रूपमा सम्माननीय राष्ट्रपति महोदय र विशेष अतिथिको रूपमा पूर्व प्रधानमन्त्री माननीय झलनाथ खनाल, संविधान सभा अध्यक्ष माननीय सुवासचन्द्र नेम्वाङ्ग र इलाम जिल्लाबाट प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सांसदज्यूहरूलाई उपस्थितिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.७,**

इलाम सदरमुकाम स्थापनाको २०० औ वर्षको अवसरमा हुलाक टिकट प्रकाशनका लागि श्री हुलाक सेवा विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८,**

इलाम सदरमुकाम स्थापनाको २०० औ वर्षको अवसरमा २०७५ साल भरि विशेष कार्यक्रम आयोजना हुने भएको र सोको लागि तयारी सुरु भइसकेको हुनाले उक्त कार्यक्रमको सन्दर्भमा प्रवास, प्रदेश नं. १ र काठमाडौ लगायत सम्पूर्ण कार्यक्रममा समन्वय तथा व्यवस्थापनका लागि नगर कार्यपालिकाको तर्फबाट प्रतिनिधिको रूपमा वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.९,**

इलाम नगरपालिका वार्ड नं. ७ निवासी श्री युद्धप्रसाद बैद्यलाई इलाम नगरपालिकाबाट यस अघि नै नगरको विशिष्ट नागरिक घोषणा गरिसकेको पृष्ठभूमिमा हालसम्म समेत निरन्तर रुपमा इलामको शैक्षिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा वहाँको उच्च योगदानको कदर गर्दै इलाम सदरमुकाम स्थापनाको २०० औ वर्षको अवसरमा आयोजना हुने कार्यक्रममा वहाँलाई रथारोहण गरी प्रमुख अतिथिज्यूमार्फत अभिनन्दन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०,**

इलाम नगरपालिकाअन्तर्गत सार्वजनिक स्थलहरुमा खुला रुपमा धुम्रपान सेवन गर्न निषेध भएको पृष्ठभूमिमा धुम्रपान सेवनकर्ताहरुको सुविधाका लागि इलाम बजारका उपयुक्त स्थलमा स्मोकिङ्ग जोन बनाउने निर्णय गरियो । सोको लागि आवश्यक पर्ने बजेट वातावरण व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.११,**

नेपाल सरकारको एक सहर एक पहिचान कार्यक्रममा इलाम नगरलाई पर्यटकीय सहरको रूपमा विकास गर्नका लागि सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय इलाममा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२,**

नेपाल सरकारबाट हालै जारी गरिएको मर्यादाक्रममा नगरपालिकाका प्रमुख र उपप्रमुखहरुको लागि तोकिएको मर्यादाक्रमप्रति खेद प्रस्ताव पारित गर्दै सो मर्यादाक्रमलाई अविलम्ब खारेज गरी नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र नगर कार्यपालिका सदस्यहरुलाई आत्मसम्मान र गौरव अनुभूति हुने गरी पुनः मर्यादाक्रम जारी गर्न नेपाल सरकारको सम्बद्ध मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३,**

इलाम नगरपालिकाबाट सुत्केरी महिलाहरुको लागि तोकिएको सुत्केरी सुविधा प्रवाह भइरहेकोमा सुत्केरी महिलाको स्वास्थ्यलाई दृष्टिगत गर्दै विपन्न अवस्थामा रहेका महिलाहरुको सुत्केरी अवस्थामा आउन सक्ने जोखिम न्यूनीकरण गर्न हालको व्यवस्था पर्याप्त नभएको महसुस भएकोले हालको व्यवस्थालाई देहायानुसार परिवर्तन गरी सुत्केरी सुविधा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निम्न :

- पहिलो र दोस्रो बच्चासम्म रु २,०००।००, तेसो बच्चा भएको रु ३,०००।००, चौथो बच्चा भएको रु ४,०००।०० र पाँचौ वा सो भन्दा बढी भएकोमा रु ५,०००।०० सुत्केरी सुविधा उपलब्ध गराउने ।
- सुत्केरी सुविधाको आवेदन फाराममा सम्बन्धित वडाका महिला वडा सदस्यहरुको सिफारिस हुनु पर्ने, जन्म दर्ता प्रमाण पत्रको छायाँप्रति संलग्न हुनु पर्ने ।
- स्वीकृत आवेदन अनुसारको सुत्केरी सुविधा सम्बन्धित वडाका वडा सचिव वा सामाजिक परिचालक वा तोकिएका कर्मचारीबाट स्वयम सुत्केरी आमाको हातैमा नगद रकम उपलब्ध गराउने ।

**निर्णय नं.१४,**

आगामी आ.ब. २०७५।०७६ को लागि स्थानीय लाभग्राहीहरुको सहभागिता समेत सुनिश्चित गर्न २०७४ चैत्र दोस्रो हप्तादेखि कार्यालयसँग समन्वय गरी तोकिएका मार्गदर्शनका आधारमा आयोजनाहरु छनौट गर्न तथा २०७५ साल श्रावण १ गतेदेखि लागू

हुने एकीकृत सम्पत्तिकरको बारेमा सरोकारवालालाई अनुशिक्षण कार्यक्रम समेत आवश्यक परेमा विज्ञको समेत सहयोग लिई वडा समितिबाट वडा वडामा कार्यक्रम सञ्चालन गर्न निर्णय गरियो ।

**निर्णय नं.१५,**

नेपाल नगरपालिका संघको वर्तमान संरचना र विधान अनुसार इलाम नगरपालिका सदस्य बन्न तथा तोकिएको सदस्यता शुल्क नियमित रुपमा बुझाउन र संघको संघीय तथा प्रदेशस्तरीय कार्यक्रममा आवश्यक पर्ने सबै खालको सहयोग र सक्रियता जनाउन निर्णय गरियो ।

**निर्णय नं.१६,**

इलाम नगरपालिकामा जनप्रतिनिधिहरु बहाल भएदेखि हालसम्मको कार्य प्रगतिको लिखित प्रतिवेदन बैठकमा पेश भई आगामी नगर सभामा समेत पेश हुन पारित गरियो ।

**निर्णय नं.१७,**

इलाम नगरपालिकाका वडाध्यक्षहरुले १५ दिन भन्दा बढी कार्य क्षेत्रमा अनुपस्थित भई वडा सदस्यलाई कार्यवाहक वडाध्यक्षको जिम्मेवारी दिएको अवस्थामा निजले खाइपाइ आएको मासिक पारिश्रमिक दामासाहीका हिसावले कार्यवाहक वडाध्यक्षलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८**

इलाम नगरपालिका वार्ड नं. ५ मा स्थापित सहरी स्वास्थ्य उपकेन्द्रको नाम माईभगवती सहरी स्वास्थ्य उपकेन्द्र नामाकरण गरी प्रचलनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं.१९**

इलाम नगरपालिकाको चालु आर्थिक वर्ष २०७४।०७५ को वार्षिक योजना तथा कार्यक्रम प्रथम नगर सभाबाट रु ६४,७०,००,००।०० (चौसठ्ठीकरोड सत्तरीलाख) रकमको स्वीकृत भई कार्यान्वयनमा रहेकोमा हाल प्राप्त आम्दानी तथा खर्च समेतका आधारमा रु ७१,५८,६१,०००।०० बराबरको आयव्यय कायम गरी संशोधनसहित पारित गर्न दोस्रो नगर सभामा प्रस्ताव गर्ने तथा इलाम नगरपालिकाको आर्थिक विनियोजन ऐन, २०७४ मा समेत सोही अनुसार संशोधन हुन नगर सभामा प्रस्ताव गर्न निर्णय गरियो ।

**निर्णय नं.२०**

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा विद्यमान कर्मचारीहरुको कमी भई कानुनमा व्यवस्थापन गरिएको लक्ष्यहरु हासिल गर्न नसक्ने भएको हुँदा लेखापाल तथा लेखा अधिकृतको हकमा श्री कोष तथा लेखा नियन्त्रक कार्यालय इलाम वा म.ले.नि.का. मा प्रमुख प्रशासकीय अधिकृतले माग गरी कार्य सञ्चालन गर्न तथा प्राविधिक कर्मचारीको हकमा विषयगत कार्यालयबाट काजमा माग गर्ने वा करार सेवाको माध्यमबाट सेवा करारमा लिई कामकाज लगाई ऐननियममा भएका स्थानीय सरकारका कार्यहरू सहज रुपमा सञ्चालन गर्न कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

इलाम नगरपालिकाको नगर सभा सञ्चालन गर्दा सभामा सहभागी सदस्य तथा सचिवालयका कर्मचारीहरु र सभाअन्तर्गतका समिति उपसमितिका सदस्यहरु तथा नगर कार्यपालिका र अन्तर्गतका समिति उपसमितिमा संलग्न हुने पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक तथा बैठकका काम कार्वाहीमा सहभागी भएवापत देहायका रकमहरु नगर सभा बैठक सञ्चालन शीर्षकमा विनियोजित रु ७०,००,०००।०० बाट खर्च गर्ने र भुक्तानी लेख्ने निर्णय गरियो ।

(क) बैठक भत्ता
(ख) यातायात खर्च
(ग) खाना खर्च
(घ) खाजा खर्च
(ङ) खानेपानी, चिया/अतिथिसत्कार खर्च
(च) नगर सभासँग सम्बन्धित ऐन नियम मस्यौदाको फोटोकपी, स्टेसनरी लगायतको खर्च

**निर्णय नं.२३**

इलाम नगरपालिकाअन्तर्गत समय समयमा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गर्नु पर्ने भएकोमा हालका लागि नगरको कार्यव्यस्तता, पत्राचार तथा खर्च लगायतका विविध कारणले कार्यक्रम आयोजना गरी सार्वजनिक सुनुवाइ कार्यक्रम गर्न विविध कारणले गर्दा नसकिने भएकोले सो सार्वजनिक सुनुवाइ कार्यक्रमलाई नगरपालिकाका जिम्मेवार पदाधिकारीले नियमित रुपमा एफएम रेडियोमार्फत सञ्चालन तथा व्यवस्थापन गरी अभिलेख राख्ने निर्णय गरियो ।

**निर्णय नं.२४**

इलाम नगरपालिकाको चालु आ.ब. २०७४।०७५ को लागि स्वीकृत आयव्यय बजेट अनुसार आय हुन नसकेको हुनाले इलाम नगरपालिकाको दोस्रो नगर सभाबाट बजेट संशोधन गर्नु पर्ने भएको हुनाले दोस्रो नगर सभा सम्पन्न भएपश्चात आर्थिक कारोबारको आ.ले.प. गराउने कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५**

दूधे/काखे बच्चा हुने नगर सभा सदस्य तथा कार्यपालिका सदस्यलाई बैठकको समयमा सहज बनाउनका लागि सो बच्चा रेखदेख गरि दिने हेरालुलाई समेत बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२६**

यस न.पा. अन्तर्गत पूँजीगत कार्यक्रमतर्फको जिन्सी सामान खरिद हुँदा कार्यालयबाट खरिद आदेश तथा दाखिला रिपोर्ट नउठाई सम्बन्धित पूँजीगत कार्यक्रम प्राप्त गर्ने संस्था वा निकायमा जिन्सी सामानको दाखिला रिपोर्ट तथा अभिलेख राख्न लगाई सोको जानकारी मात्र लिने निर्णय गरियो ।

**निर्णय नं.२७**

इलाम नगरपालिकाका उपप्रमुख श्री सुशीला नेम्वाङ्गको साहिली भाउज्यू श्री भीमकुमारी नेम्वाङ्गको मिति २०७४।११।२० मा र वडाध्यक्ष श्री लाखमान लिम्बुको आमा श्री बुद्धरानी लिम्बुको मिति २०७४।११।२१ मा देहावसान भएकोमा गहिरो दुःख प्रकट गर्दै दिवङ्गत आत्माप्रति हार्दिक श्रद्धाञ्जलि तथा शोकाकुल परिवारमा समवेदना प्रकट गर्ने निर्णय गरियो ।

## पन्ध्रौ बैठक, मिति २०७४।११।२५

आज मिति २०७४।११।२५ गतेका दिन दिउँसो १ बजे नेपालको संविधानको भाग १७, धारा २१६ अनुसार गठित इलाम नगरपालिकाको नगर कार्यपालिकाको बैठक प्रमुख श्री महेश बस्नेतज्यूको अध्यक्षतामा उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री महेश बस्नेत | दस्तखत |
| उप प्रमुख श्री सुशिला नेम्वाङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री अम्बिका गौतम | दस्तखत |
| वडाध्यक्ष श्री नारदप्रसाद लम्साल | दस्तखत |
| वडाध्यक्ष श्री तीर्थराज गुरुङ्ग | दस्तखत |
| वडाध्यक्ष श्री नूतनदेव दुलाल | दस्तखत |
| वडाध्यक्ष श्री ठाकुरनारायण श्रेष्ठ | दस्तखत |
| वडाध्यक्ष श्री माधवप्रसाद भट्टराई | दस्तखत |
| वडाध्यक्ष श्री नरेश श्रेष्ठ | अनुपस्थित |
| वडाध्यक्ष श्री होमबहादुर बस्नेत | दस्तखत |
| वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे | दस्तखत |
| वडाध्यक्ष श्री रोमबहादुर लुङ्गेली | दस्तखत |
| वडाध्यक्ष श्री रविन एक्तेन | दस्तखत |
| वडाध्यक्ष श्री लाखमान लिम्बू | दस्तखत |
| सदस्य श्री चित्रमाया गुरुङ्ग | दस्तखत |
| सदस्य श्री सीता रिजाल | दस्तखत |
| सदस्य श्री सानु दास | दस्तखत |
| सदस्य श्री इन्दिरा पौडेल क्षेत्री | दस्तखत |
| सदस्य श्री सावित्री राई | दस्तखत |
| सदस्य श्री पृथसिं सुनुवार | दस्तखत |

सदस्य श्री श्यामकमल मुखिया दस्तखत
सदस्य श्री गीताराम विश्वकर्मा दस्तखत
प्र.प्र.अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग दस्तखत

अन्य उपस्थिति:

प्र.अ. श्री रामकुमार शाह दस्तखत
ले.अ. श्री रामकुमार श्रेष्ठ दस्तखत
इन्जिनियर श्री दिपकप्रसाद गुरागाई दस्तखत

**निर्णय नं.७,**

इलाम सदरमुकाम स्थापनाको २०० औ वर्षको अवसरमा हुलाक टिकट प्रकाशनका लागि श्री हुलाक सेवा विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।